का.जि.प्र.का.द.नं. १००/०५९/६०

३० चैत २०७९,
बिहीबार
13 April 2023,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

८० दशक असीको अर्थ
नयाँ वर्ष विशेष
थप १६ पृष्ठ

वर्ष २१, अंक ७८ । पृष्ठ १२+१६ | Madhyanha National Daily | www.madhyanhadaily.com

## खेती लगाउने समय आयो, मल आएन

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, २९ चैत ।

काभ्रेको पनौतीमा बसेर दशकौं देखि खेती किसानी गर्दै आएका ५५ वर्षीय उपेन्द्र तिमल्सेना रासायनिक मलको खोजीमा महिनौं देखि पसल र विभिन्न कृषि सामाग्री पाउने संघसंस्थामा धाइरहेका छन् । तरपनि, उनले आफ्नो खेतबारीका लागि चाहिने रासायनिक मल अहिलेसम्म पाउन सकेका छैनन । स्थानीय सरकार आएर गाउँमा सिंहदरबार पुगेको नारा लगाइएपनि उनी भने त्यस्तो प्रत्याभूति गर्ने नसकेको बताउँछन् । उनीमात्रै, उनीसँगै धेरै किसानहरु खेती लगाउने समय आइसक्दा समेत मल पाउने छाँटकाँट नदेखिएकाले बाली बिग्रने चिन्तामा देखिएका छन् । कृषिप्रधानमूलकमै समयमा मल नपाउनु कृषकप्रतिको अवहेलना भएको भन्दै देशभरकै किसान चिन्तामा देखिएका छन् ।

यता, केन्द्रदेखि तलसम्मकै सरकारको दाउ भागबण्डा मिलाउने र पैसाको विनियोजनमा बाहेक देखिदैंन । केही स्थानीय तहले कृषककेन्द्रित कार्यक्रम ल्याएपनि उक्त योजना कार्यान्वयन हुन सकेको छैन । कृषकलाई आधाभूत आवश्यकता नै पूरा गराउन नसक्ने सरकारबाट के अपेक्षा गर्नु, उनीहरुले मल, बिउ, विषादी र कृषि ज्ञान त सहजै सरकारले दिनुपर्ने हो, तर बिडम्बना पैसा तिरेर पनि मल पाउन सकेका छैनन्,' कृषिविद् कृष्ण पौडेलले भने । उनले तीन तहकै सरकार कृषिलाई आत्मनिर्भर बनाउनमा चुकेको पनि बताएका छन् ।

नेपालमा बर्षेनी ९ लाख मेट्रिकटन मलको माग हुने गरेको कृषि सामग्री कम्पनीको तथ्यांकले देखाउँछ । अझ पछिल्ला दिनमा कृषिप्रतिको आकर्षण बढ्दा मलको माग बढेको पनि तथ्यांकले देखाउँछ । तर, सरकारले भने जसोतसो साढे ४ लाख मेट्रिकटन मात्रै अनुदान रकमबाट खरिद गर्दै आएको साल्ट ट्रेडिङ कर्पोरेसनको तथ्यांक देखाउँछ । जसबाट पनि पुष्टि हुन्छ कि नेपालमा हाल ४ देखि ५ लाख मेट्रिकटन मल तस्करीमार्फत विक्रीवितरण हुँदै आएको छ । यद्यपि, वर्षेनी सरकारले समयमै मल ल्याउने प्रतिबद्धता भने गर्न छाडेको छैन ।

ठेक्का पाएका कम्पनीले समयमा मल नल्याउँदा र सरकारले उक्त कम्पनीसँग ठेक्का रद्द गर्न नसक्दा सो समस्या बढिरहेको छ । अघिल्लो आर्थिक वर्षमा पनि ६० हजार मेट्रिकटन युरिया, साल्टको ५० हजार युरिया र साल्टकै २० हजार मेट्रिकटन युरिया मलको ठेक्का नेपाली कम्पनी जोशी बिजले पाएको थियो । त्यस्तै, ५० हजार मेट्रिकटन युरिया र २० हजार मेट्रिकटन गरेर ७० हजार मेट्रिकटन मलको ठेक्का साल्ट र ६० हजार मेट्रिकटन युरियाको ठेक्का कृषि सामग्री कम्पनीसँग भएको थियो । तर, दुवैले बाली भित्रिने बेलासम्म पनि मल नलाएपछि किसानहरु तस्करहरु मार्फत नै मल किन्न बाध्य भएका थिए । कृषिप्रधान मूलुकमै समयमा मलबिउ र उपकरण सरकारले उपलब्ध नगराएको भन्दै किसानहरु थप आक्रोशित र निराश हुन थालेका छन् । तरपनि, हरेक सरकारको ध्यान सत्ताको भागबण्डा र पावर लिने बाहेक केन्द्रित हुनै सकेको छैन ।

## रास्वपामा उतारचढाव

आमरुपमा जुन चासोका साथ रवि लामिछाने नेतृत्वको रास्वपालाई हेरिन्छ उस्तै गरी यो पार्टीको जीवन पनि छोटो अवधिमै उतारचढावपूर्ण देखिन्छ । ४ मंसिरमा जितेको सांसद पद गुमाएका रविले उपप्रधानसहित गृहमन्त्री पनि गुमाए । घुस मागेको आरोपमा अर्का सांसदले पनि पद र प्रतिष्ठा दुवै गुमाए ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, २९ चैत ।




राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग दुई करोड घुस मागेका समानुपातिक सांसद ढाकाकुमार श्रेष्ठलाई कारबाही गरेको छ । श्रेष्ठलाई पार्टीको साधारण सदस्यबाटै निष्कासन गरेसँगै उनको सांसद पद गएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीको आन्तरिक जीवनमा आएको पछिल्लो उतारचढावपूर्ण घटना हो । आम रुपमा जुन चासोका साथ रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीलाई हेरिन्छ उस्तै गरी यो पार्टीको जीवन पनि उतारचढावपूर्ण देखिन्छ । ढाका कुमार श्रेष्ठ प्रकरण यो पार्टीको उतारचढावपूर्ण व्यवहार र घटनाको पछिल्लो उदाहरण हो ।

४ मंसिरमा चुनाव जितेका पार्टी सभापति रवि लामिछाने उपप्रधामन्त्री र गृहमन्त्रीको हैसियतमा सरकारमा सहभागी भएका थिए । नागरिकता विवादमा सांसद पद गएपछि लामिछानेले सत्ता पनि गुमाउन पुगे । सांसद पद र >>> पृष्ठ २ मा

## 'जनवरीको अडियो अप्रिलमा प्रचार गरियो'



मेरा कारणले उपनिर्वाचनमा पार्टीलाई अप्ठ्यारो परेको छ । त्यसका लागि क्षमाप्रार्थी छु ।

■ **ढाकाकुमार श्रेष्ठ**
**निलम्बित सांसद, रास्वपा**

निलम्बनमा परेका राष्ट्रिय स्वतन्त्र पार्टीका नेता ढाकाकुमार श्रेष्ठ मन्त्री बन्न घुस मागेको अडियो सार्वजनिक भएपछि रक्षात्मक भएका छन् । आरोप अस्वीकार गर्दा गर्दै उनी बहकिएर स्वीकार गर्न पुगेका छन् ।

बुधबार पार्टी केन्द्रीय कार्यालय बसुन्धारामा पत्रकार सम्मेलन गर्दै श्रेष्ठले अडियो अहिलेको नभएको बताए । >>> पृष्ठ २ मा

## नयाँ सांसद सिफारिस

राष्ट्रिय स्वतन्त्र पार्टीले डा. ढाकाकुमार श्रेष्ठको साधारण सदस्यता खारेज गरेपछि उनको ठाउँमा विन्दवासिनी कंसाकारलाई सांसद बनाउने भएको छ ।

बुधबार बसेको पार्टीको केन्द्रीय समिति बैठकले डा. श्रेष्ठको साधारण सदस्यता खारेज गरेको हो । पार्टीको सदस्य नरहेपछि श्रेष्ठको सांसद पद पनि रहने छैन ।

समानुपातिक पद्धतिबाट निर्वाचित भएकाले रास्वपाले श्रेष्ठको ठाउँमा अर्को व्यक्तिलाई संसदमा पठाउन पाउँछ । सभापति रवि लामिछानेले श्रेष्ठको ठाउँमा मकवानपुरकी कंसाकारलाई सांसद बनाउने निर्णय भएको पत्रकार सम्मेलनमा जानकारी दिए ।

कंसाकारलाई रास्वपाले २ महिनाअघि केन्द्रीय सदस्य मनोनित गरेको थियो । उनीमाथि १० वर्षअघि एसिड आक्रमण भएको थियो । उनीमाथि एसिड छ्याप्ने पुरुषलाई प्रहरीले घटना भएको ६ वर्षपछि पक्राउ गरेको थियो ।

## वैदेशिक रोजगार विशेष

### अर्थमन्त्रीसमक्ष नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ज्ञापनपत्र

## विभिन्न छुट र सहुलियत दिन माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ चैत

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले सुरक्षित, व्यवस्थित तथा मर्यादित वैदेशिक रोजगारका लागि नेपाल सरकारको आगामी २०८०/०८१ को बजेटमा विशेष सहुलियत र सुविधाका व्यवस्था गरिनुपर्ने माग गरेको छ।

बुधबार अर्थ मन्त्रालयको कार्यकक्षमा अर्थमन्त्री डा. प्रकाशशरण महतलाई ज्ञापनपत्र बुझाउँदै बजेटमा समेटिनुपर्ने वैदेशिक रोजगारसँग सम्बन्धित विषय सम्बोधन गर्न माग गरेको हो । ज्ञापनपत्र बुझाउन संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा संघ पदाधिकारी, सदस्य तथा सल्लाहकार अर्थ मन्त्रालय गएका थिए ।



संघले वैदेशिक रोजगारीमा जाने नेपाली कामदार र पठाउने व्यवसायीका विषयमा गरिनुपर्ने सुधार र सहुलियतका >>> पृष्ठ २ मा






# बैतडी र सिन्धुलीमा दुर्घटना हुँदा १० जनाको मृत्यु



**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २९ चैत

नयाँ वर्ष विशु पर्व मनाउनका लागि घर फर्किरहेका बझाङको एकै गाउँका ६ जनाको जिप दुर्घटनामा परी मृत्यु भएको छ। जयपृथ्वी राजमार्गको खोडपे-बझाङ सडकखण्डअन्तर्गत बैतडीको पाटन नगरपालिका-८ झौलेक मोडमा जिप दुर्घटना हुँदा ६ जनाको घटनास्थलमै मृत्यु भएको हो।

मृत्यु हुनेमा बझाङको केदारस्युँ गाउँपालिका-५ बाँझका ६० वर्षीय मने बोहरा, सोही ठाउँका ४२ वर्षीय नरे बोहरा, ३५ वर्षीय गोरख बोहरा, ४५ वर्षीय मानबहादुर धामी, ४५ वर्षीय बिर्ख धामी र ४० वर्षीय वीरे धामी रहेका छन्। झुलाघाटबाट बझाङको बाग्थलातर्फ जाँदै गरेको से१ज ७६४ नंको जिप मंगलबार राति ११ बजे दुर्घटनामा परेको बैतडीका प्रहरी प्रवक्ता प्रहरी निरीक्षक योगेश खत्रीले जानकारी दिए। जिपमा सवार अन्य पाँच जनाले हामफालेर ज्यान जोगाएका छन्।

बाह्र जना सवार जिप सडकबाट पाँच सय मिटर तल खसेको थियो। जिप चालक फरार छन्। दुर्घटनाको कारण खुल्न सकेको छैन। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय बैतडीले जनाएको छ। भारतबाट रोजगारी गरेर विसु मनाउनका लागि घर फर्केकाहरु जिप दुर्घटनामा परेको बताइएको छ।

कार दुर्घटनामा ४ जनाको मृत्यु

बिपी राजमार्गअन्तर्गत सिन्धुलीको कमलामाई नगरपालिका वडा नम्बर ३ गढीगेटनजिक कार दुर्घटना हुँदा चार जना भारतीय नागरिकको मृत्यु भएको छ। मंगलबार राति १२:३० बजे भारतीय नम्बर प्लेटको बीआर ०६ डिडी ०६८७ कार अनियन्त्रित भएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रहरी उपरीक्षक राजकुमार सिलवालले बताए।

मृत्यु हुनेमा भगवती स्थान ९, मन्दिपुरसारी मस्तिपुर वारिसनगर भारत बिहारका नागरिक रहेका छन्। दुर्घटनामा घाइते भएका ३२ वर्षीय अभिषेक ठाकुरको सिन्धुली अस्पतालमा मृत्यु भएको छ। राति १२:३० बजेको समयमा भएको दुर्घटनामा घाइते दुई जनालाई उद्धार गरी बुधबार बिहान उपचारका लागि सिन्धुली अस्पतालमा ल्याइएकोमा ठाकुरको सोही अस्पतालमा मृत्यु भएको हो।

उक्त दुर्घटनामा अरु तीन जनाको घटनास्थलमा नै मृत्यु भएको प्रहरी उपरीक्षक सिलवालको भनाइ छ। मृत्यु हुनेमा ४२ वर्षीय राकेशकुमार सिं, ३६ वर्षीय मनु सिं र ३२ गवर सिं रहेका छन्। सिन्धुली हुँदै काठमाडौंतर्फ जाँदै गरेको विआर ०६ डिडि ०६८७ नंम्बरको भारतीय कार अनियन्त्रित भएर बिपी राजमार्गअन्तर्गत कमलामाई नगरपालिका- ३ सिन्धुलीगढी नजिकै दुर्घटना भएको थियो। कार सडकबाट ५०० फिट तल पुगेको थियो।

भीरमा भएको दुर्घटनामा उद्धार गर्न गएका केही प्रहरीसमेत भीरबाट खसेको ढुङ्गाले लाग्दा सामान्य घाइते भएका थिए। कारमा सवार व्यक्ति धार्मिक यात्राका लागि नेपाल आएको बताइएको छ।

# डिआइजीमा बढुवाका लागि सिफारिस



**काठमाडौं/मस–** नेपाल प्रहरीका १३ प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी)लाई प्रहरी नायब महानिरीक्षक (डिआइजी)पदमा बढुवाका लागि सिफारिस गरिएको छ। गृहमन्त्रालय वढुवा समितिको बुधबार बसेको बैठकले नेपाल प्रहरीमा जनपद प्रहरी समूहतर्फको १३ प्रहरी वरिष्ठ उपरीक्षकलाई प्रहरी नायब महानिरीक्षकमा बढुवाका लागि सिफारिस गरेको हो।

बढुवा सिफारिस हुनेमा कुबेर कडायत, केदार ढकाल, विष्णुकुमार केसी, भरतबहादुर बोहरा, रवीन्द्र केसी, राजेशनाथ बाँस्तोला, चन्द्रकुवेर खापुङ, जनक भट्टराई, लालमणि आचार्य, सुरेन्द्रप्रसाद मैनाली, अर्जुन चन्द ठकुरी, यज्ञविनोद पोखरेल र विकासराज खनाल रहेका छन्।

प्रहरीको बढुवा समितिले प्रहरी नियमावली, २०७१ (संशोधनसहित) को नियम २७ को उपनियम ४ बमोजिम बढुवाका लागि सिफारिस गरिएको बढुवा समितिका सदस्य सचिव एवं प्रहरी अतिरिक्त महानिरीक्षक सन्दीप भण्डारीले जानकारी दिए।

# लोकप्रिय सन्देशको आयोजनामा रक्तदान

**नेपालगन्ज/मस–** लोकप्रिय सन्देश राष्ट्रिय दैनिक पत्रिकाद्वारा आयोजित त्रैमासिक मासिक कार्यक्रममा ३५ जनाले रक्तदान गरेका छन्। प्रादेशिक रक्त सेवा केन्द्र नेपालगन्जमा आयोजित रक्तदान कार्यक्रममा प्रमुख अतिथि, लुम्बिनी प्रदेशका पूर्वमन्त्री भण्डारीलाल यादव, विशिष्ट अतिथि, नेपालगन्ज उप-महानगरपालिकाका उप-मेयर कमरुद्दीन राईले संयुक्तरुपमा रगत संकलन गर्ने पाकेट प्रादेशिक रक्त सेवा केन्द्र नेपालगन्जका प्राविधिक सोम प्रकाश सापकोटा, होमराज गिरीलाई हस्तान्तरण गरेर कार्यक्रमको उद्घाटन गरेका थिए।



लोकप्रिय सन्देश राष्ट्रिय दैनिकका सम्पादक गोबिन्दप्रसाद शर्माद्वारा सञ्चालित कार्यक्रममा संयोजक पत्रकार दिनेश ठाकुर, जसपा बाँकेका सचिव राजेन्द्र विश्वकर्मा, नेपालगन्ज उप-महानगरपालिका वडा नम्बर १७ का पूर्व वडाध्यक्ष अजय पाठक, समीक्षा थारु, आरती केसी, आस्था थारु, टंक साउद, आशा परियार, पत्रकार भगतराम थारु, भिष्मप्रसाद लोध, लक्ष्मण विष्ट, दिपेन्द्र जायसवाल, सिद्धिटप मल्टिप्रपजका अध्यक्ष सतिश पाठक, जीवनारायण खड्का, विवेक कठरिया, समीर अहमद दर्जी, मञ्जु पुन, वर्षा खड्का, अमित पराजुली, बालकृष्ण चौधरी, कमल ढकाल, श्रृष्टि बोहरा, गौरव नेपाल, सन्दिप खड्का, मीरा रोका, अनिल वर्मा, अंकित नरसिंह राणा, तिलकबहादुर गुरुङ, गोविन्द विश्वकर्मालगायत ३५ जनाले रक्तदान गरेका छन्।

रक्तदान कार्यक्रममा प्रादेशिक रक्त सेवा केन्द्र नेपालगन्जका सोमप्रकास सापकोटा, होमराज गिरी, सुनिता कुमाई, सञ्जय बढहीलगायतले प्राविधिकरुपमा सहयोग गरेका थिए।

रक्तदान कार्यक्रममा जानकी गाउँपालिका १ नम्बर वडा कार्यालय साइगाउँ बाँके, सामुदायिक प्रहरी सेवा केन्द्र नेपालगन्ज, सामुदायिक प्रहरी सेवा केन्द्र नेपालगन्ज, मधेश मानव अधिकार गृह (माहुरी) बाँके, कसौंधन वैश्य समाज नेपालगन्ज, समाजसेवी समशुल हक राई, समाजसेवी अव्दुल करीम खान, उज्वल बचत तथा ऋण सहकारी संस्था, नेपालगन्ज टेक्निकल कलेज, एक्सपर्ट एजुकेशन नेपालगन्ज, नेपालगन्ज ग्रीन सिटीलगायत संघ संस्थाहरुको सहकार्यमा कार्यक्रम सम्पन्न गरिएको थियो।

कार्यक्रममा प्रमुख अतिथि भण्डारीलाल यादव, विशिष्ट अतिथि उप-प्रमुख कमरुद्दीन राई, जानकी गाउँपालिका वडा नम्बर १ का अध्यक्ष मोहम्मद रजा राई, बसन्त लामिछाने, समाजसेवी तथा नेपाल स्वयंसेवी रक्तदाता समाज बाँकेका सल्लाहकार माधवराम वर्मा, पवन जायसवाललगायत लगायतको सहभागिता रहेको थियो। कार्यक्रममा रक्तदाताहरुलाई टिसर्ट र प्रमाण-पत्र प्रदान गरिएको थियो। प्रादेशिक रक्त संचार सेवा केन्द्रका सोम प्रकाश सापकोटा, होमराज गिरी, सुनिता कुमई, केशर सिंह डाँगी, सञ्जय बढहीलगायतले प्राविधिकरुपमा सहयोग गरेका थिए।

# विस्तार हुँदै गरेका उपत्यकाका सडकमा पुल निर्माण गरिने

काठमाडौं/मस- काठमाडौं उपत्यकामा विस्तारका क्रममा रहेका सडकमा पुल निर्माण अघि बढाउन लागिएको छ। विस्तारका अधिकांश सडक अन्तिम चरणमा पुगेकाले पुल बनाउने योजना अघि बढाइएको हो। चावहिल-साँखु सडकमा तीन पुलको निर्माण अघि बढिसकेको छ भने जोरपाटी-सुन्दरीजल र कर्मनाशा खोला-गोदावरी सडकमा पुल निर्माणमा जाने गरी योजना अघि बढाइएको काठमाडौं उपत्यका सडक विस्तार आयोजनाले जनाएको छ। साँखुमा तीन पुल निर्माण गर्न ठेक्का लागिसकेर अहिले सर्बे डिजाइनका क्रममा रहेको आयोजनाका सूचना अधिकारी महानन्द जोशीले बताए। साढे दुई वर्षमा सम्पन्न गर्ने गरी गत वर्ष ठेक्का भएको उनले बताए।

जोरपाटी-सुन्दरीजल सडकमा चार ठाउँमा पुल निर्माणका लागि योजना बनाएर अर्थ मन्त्रालयसँग रकम माग गरिएको आयोजनाले जनाएको छ। गोकर्ण मन्दिर नजिकै, गोकर्ण बजार सकिनासाथ, नाम्गेन बसपार्क बजार र एउटा नयाँपाटीमा पुल निर्माण गर्ने योजना रहेको छ। माटो परीक्षण गरेर यतियति लम्बाइका पुलका लागि यति रकम आवश्यक छ भनी भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय पठाइएको सूचना अधिकारी जोशीले बताए। उनले भने, 'विभाग हुँदै अर्थ मन्त्रालय पुगेको फाइल त्यही रोकिएको छ।' सडक निर्माणको अन्तिम काम भइरहेको हात्तीवनदेखि गोदावरी सडकमा दुई पुल निर्माण आवश्यक देखिएको आयोजनाले जनाएको छ। हात्तीवनमा कर्मनाशा खोलामा र गोदावरी पार्क नजिकै हाल कल्भर्ट रहेको स्थानमा पुल आवश्यक रहेकाले निर्माणको योजना बनाइएको उनले बताए।

## रास्वपामा...

उपप्रधानसहित गृहमन्त्री गुमाएको पीडा सेलाउन नपाउँदै घुस मागेको आरोप लागेका रास्वपाका अर्का सांसद ढाका कुमार श्रेष्ठले पनि पद र प्रतिष्ठा दुवै गुमाए।

४ मंसिरको चुनावमा स्थापित दलहरुलाई प्रश्न गर्दै भोट मागेका रवि लामिछानेले ठूलो मतान्तरमा चुनाव जिते। नागरिकता विवादमा सांसद पद गयो र १० वैशाखमा हुन लागेको चुनावमा फेरि उम्मेदवार छन्। तर, यसबेला उनी अन्यलाई प्रश्न होइन, जनताको प्रश्नको सामना गरिरहेका छन्।

## जनवरीको...

माघ १ मा मेडिकल व्यवसायी दुर्गा प्रसाईंसँग २ करोड रुपैयाँ माग गरेको भनिएको अडियो चैत २६ मा सार्वजनिक भएको थियो। सो सम्बन्धमा पार्टी केन्द्रीय समितिको बैठक बसिरहेको बेला श्रेष्ठले पत्रकार सम्मेलन गरेका हुन्।

'यो अडियो केही पनि होइन, यो फसाइएको हो, सुनियोजित गरिएको हो। जनवरीमा भएको, लगभग जनवरी/फेब्रुअरीमा भएको अहिले (अप्रिल) ल्याएर हाल्नु भनेको सुनियोजित किसिमले पार्टीलाई चारतिरबाट हान्ने प्रहार गरेको हो,' उनले भनेका छन्।

श्रेष्ठले आफू न्यायिक प्रक्रियामा गइसकेको बताएका छन्। उनले न्यायालयबाट क्लीनचिट ल्याएर आउने दाबी पनि गरेका छन्। आफ्नो कारणले गर्दा उपनिर्वाचनमा पार्टीलाई असहज परिस्थिति बनेको भन्दै उनले क्षमा मागेका छन्। उनले भनेका छन्, 'मेरा कारणले उपनिर्वाचनमा पार्टीलाई अप्ठ्यारो परेको छ। त्यसका लागि क्षमाप्रार्थी छु।'

## अर्थमन्त्रीसमक्ष...

विषय उठाएको महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए।

हालसम्म करिब ४० लाख नेपाली वैदेशिक रोजगारमा गएको र वार्षिक ५ लाख बेरोजगारको संख्या थप हुने वैदेशिक रोजगार विभागको तथ्यांक उल्लेख गर्दै संघले नेपालमा तत्काल रोजगारको भरपर्दो विकल्प नरहेकाले वैदेशिक रोजगारलाई अझ प्रभावकारी बनाउनुपर्ने विषयमा बजेटले सम्बोधन गर्नुपर्ने माग गरेको छ।

संघले महा विनाशकारी भूकम्पदेखि कोभिड-१९ सम्मको पीडाबाट पीडित भई वैदेशिक रोजगारको पर्खाइमा बसेका व्यक्तिहरुलाई सरल, सुलभ र विश्वसनीय तवरबाट वैदेशिक रोजगारमा पठाउनु अहिले राज्यको दायित्व भएको जिकिर गरेको छ। रोजगारदाता मुलुकबाट नेपाली कामदारका लागि १० औं लाख कामदारको माग आएको सन्दर्भमा आगामी बजेटमा उनीहरूलाई निःशुल्क सीप सिकाई सीपयुक्त व्यक्तिलाई प्राथमिकताका आधारमा वैदेशिक रोजगारमा पठाउने व्यवस्था गर्ने र उनीहरूको राहदानी निःशुल्करुपमा बनाइदिने व्यवस्था भएमा कामदारको तलब वृद्धि भई अहिले आएको रेमिट्यान्स ५० प्रतिशतले वृद्धि हुने संघको भनाइ छ।

रेमिट्यान्सले देशको आर्थिक व्यवस्था चलायमान बनाएको अवस्थामा उनीहरुले पठाएको रकमलाई उत्पादन र रोजगारीमा जोडी आश्रित परिवारका लागी व्यवसायमा लगानी गर्न सरल कर्जा सुविधा बजेटमा समेटिनुपर्ने पनि संघले अर्थमन्त्री महतसमक्ष माग गरेको छ।

रेमिट्यान्स अनिवार्यरूपमा बैंकिङ प्रणालीमार्फत पठाउने प्रभावकारी व्यवस्थाका लागि प्रोत्साहित कार्यक्रम बजेटमा आउनुपर्ने भन्दै संघले वैदेशिक रोजगारबाट फर्किने कामदारले आउँदा ल्याउने घरायसी र अन्य सामानमा भन्सार छुटको व्यवस्थाका साथै नेपालमा पेसा, व्यवसाय गर्न चाहेमा बिना धितो कर्जा रकम उपलब्ध गराउन माग गरेको छ।

वैदेशिक रोजगार बोर्डमा जम्मा भएको रकमलाई कामदार तथा उनीहरूका आश्रित परिवार एवम् वैदेशिक रोजगार व्यवसायीसमेतको हितमा प्रयोग गर्ने कार्यक्रम बजेटमा आउनुपर्ने भन्दै संघले वैदेशिक रोजगारमा जाने कामदारको दक्षता बढाउन सरकारी, निजी (पब्लिक प्राइभेट) पार्टनरसीप सहभागिता तालिम केन्द्र खोल्नसमेत अर्थ मन्त्रालयको ध्यानाकर्षण गराएको छ।

वैदेशिक रोजगार व्यवसायीले २ करोड देखि ६ करोड रूपैयाँसम्म नगद तथा बैंक ग्यारेन्टी राखेर इजाजत लिँदा धरौटी बापत १८ अर्ब रुपैयाँ सरकारी कोषमा जम्मा रहेको, तर उक्त रकमको कानूनअनुसार पाउनुपर्ने ब्याजसमेत व्यवसायीहरुले नपाएको संघको गुनासो छ। संघले वैदेशिक रोजगारमा कामदार पठाउने नेपालका छिमेकी अन्य मुलुकको प्रचलित व्यवस्था विपरीत अवैज्ञानिकरूपमा १० हजार रुपैयाँ सेवा शुल्क तोकिएको कारण बजार प्रवर्द्धन गर्न नेपाली व्यवसायीले नसकेकाले नेपाली कामदारको रोजगारीको अवसर अन्य मुलुकमा गइरहेको बताउँदै बजेटमा यथोचित सहयोग, सहुलियतको व्यवस्था अनिवार्यरूपमा गर्न विशेष जोड दिएको पनि महासचिव भुर्तेलले बताए। आगामी वर्षको बजेटमा मुख्यगरी वार्षिक एक सय जना कामदार पठाउन नपाएका व्यवसायीको इजाजतपत्र नवीकरण गर्न पाउने व्यवस्था बजेट वक्तव्यमै आउनुपर्ने, वैदेशिक रोजगारमा कामदार पठाएबापत इजाजतपत्रवाला संस्थाले कामदारले पाउने एक महिनाको तलब बराबरको सेवा शुल्क लिन पाउनुपर्ने, रोजगारदाता कम्पनीले हवाई टिकट नदिएमा कामदार आफैंले टिकट काटेर जाने व्यवस्था गरिनुपर्ने संघको माग छ। यस्तो व्यवस्था बजेटमार्फत आएमा सरकारलाई आयकरबापत वार्षिक करिब ५ अर्ब रुपैयाँ प्राप्त हुने र कामदार तथा व्यवसायीसमेतको हित हुने स्मरण गराएको छ।

व्यवसायीहरूले इजाजत लिँदा राखेको धरौटीबापतको नगद रकम ५० लाख रुपैयाँका हिसाबले ८ सय ९० कम्पनीको करिब ४ अर्ब ५० करोड सरकारी कोषमा निष्क्रिय रहेको र व्यवसायीहरूले पाउनुपर्ने सो रकमको ब्याजसमेत नपाएको भन्दै संघले उक्त नगद रकमलाई पनि बैंक ग्यारेन्टी राख्ने व्यवस्था गर्न र बजार प्रवर्द्धनका लागि व्यवसायीलाई सहुलियतपूर्ण कर्जाको रुपमा प्राप्त गर्ने व्यवस्था गर्न माग गरेको छ।

वार्षिक ५ लाखभन्दा बढी युवायुवतीहरुलाई वैदेशिक रोजगारमा पठाई बेराजगारी समस्या समाधान गर्न, विदेशी मुद्रा आर्जन गरी सोधानन्तर घाटा कम गर्न, आन्तरिकरुपमा प्रत्यक्ष अप्रत्यक्षरुपमा लाखौं व्यक्तिलाई रोजगारी दिने र अर्थतन्त्र चलायमान बनाउन योगदान दिएको भन्दै संघले वैदेशिक रोजगार व्यवसायलाई सेवा उद्योगको रुपमा मान्यता दिन पनि माग गरेको छ।

वैदेशिक रोजगारमा गई स्वदेश फर्केर पेसा व्यवसाय गर्ने कामदार तथा वैदेशिक रोजगार व्यवसायीहरुलाई ऋण दिन श्रमिक तथा रोजगार बैंक स्थापना गर्न, सैनिकहरुका लागि सैनिक अस्पताल, प्रहरीका लागि प्रहरी अस्पताल र कर्मचारीका लागि निजामती अस्पताल भएजस्तै देशभित्र काम गर्ने श्रमिक, वैदेशिक रोजगारमा गई बिरामी भएर आउने कामदार र कामदारको परिवारको उपचार गर्न श्रमिक तथा कामदार अस्पताल स्थापना गर्न पनि संघको माग छ।

त्यसैगरी संघले व्यवसायीले बजार प्रवर्द्धनका लागि विदेश भ्रमण गर्दा खर्च गर्नुपर्ने विदेशी मुद्रा आवश्यकताअनुरुप दिने र इजाजतपत्रवाला संस्थालाई आवश्यक पर्ने कम्प्युटर, प्रिन्टर, सवारी साधानलगायतका सामान ल्याउँदा भन्सार छुटको व्यवस्था बजेटमा आउनुपर्ने मागसमेत गरेको छ।

**हकदावी सम्बन्धी ३५ दिने लिक्वीडेटरको सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७५/०५/२७ मा दर्ता भएको **प्रा.लि. नं. १९८५३४** को **साम्बला इन रेष्टुरेण्ट एण्ड गेष्ट हाउस प्रा.लि.**को मिति २०७९/१२/२८ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९८५११६३७२३, ईमेल** : rokayasherbahadur723@gmail.com

**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/१२/३०**

**सुत्र रिसोर्ट प्रा.लि.**को मिति २०७९/१२/१० मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सुत्र मल्टिट्रेडिङ्ग कन्सर्न प्रा.लि. (प्रा.लि.नं.: २५६५९८)** साथै साविक ठेगाना परिवर्तन गरी **मकवानपुर जिल्ला, हेटौडा उपमहानगरपालिका–५** मा कायम गर्ने गरी मिति २०७९/१२/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**सूचना**
**प्रकाशित मितिः २०७९/१२/३०**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **जे.ज.ह्युमन रिसोर्स (ई.प.नं. १०४०)** को **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं ०७** मा रहेको कार्यालयको साविकको ठेगाना परिवर्तन गरी **काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. ०९** कायम गर्ने गरि ठेगाना परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम ठेगाना परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला। अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/१२/३०**

**आमा अर्गानिक फुड्स प्रा.लि.**को मिति २०७९/०४/१७ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **आमा फुड्स प्रा.लि. (प्रा.लि.नं.: २४७५४५)** कायम गर्ने गरी मिति २०७९/०४/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**ऐसेलुखर्क गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ऐसेलुखर्क, खोटाङ**
**कोशी प्रदेश, नेपाल**

**क्याटलग/ब्रोसर सपिङ्ग विधिबाट मेसिनरी औजार खरिद सम्बन्धी सिलवन्दी प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७९/१२/३०**

यस गाउँपालिकाले २०७९/८० को वार्षिक कार्यक्रम अनुसार स्वीकृत स्पेसिफिकेशन अनुसारको मेसिनरी औजार सार्वजनिक खरिद ऐन र नियमावलीमा व्यबस्था भए बमोजिम उत्पादक कम्पनी वा सोको आधिकारिक विक्रेताहरु वीच प्रतिष्पर्धा गराउने क्याटलग/ब्रोसर सपिङ विधिबाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक इजाजत प्राप्त कम्पनी वा आधिकारीक विक्रेताहरुलाई तोकिए बमोजिमका कागजात सहित तपसिल बमोजिमको मेसिनरी औजारहरुको आधिकारीक स्पेसिफिकेशन, गुणस्तर, मूल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन १२:०० वजे सम्म यस कार्यालयमा रितपूर्वक सिलवन्दी निवेदन दर्ता गराउन आव्हान गरिएको छ। दर्ता हुन आएका सिलवन्दी प्रस्तावहरु सोही दिन १४:०० वजे खोलिनेछ। यस सम्वन्धी विस्तृत सूचना यस कार्यालयको सूचना पाटी तथा www.aiselukharkamun.gov.np मा समेत हेर्न सकिनेछ।

| ठेक्का नं | मेसिनरी औजारको विवरण | स्पेसिफिकेशन | परिमाण | कैफियत |
|---|---|---|---|---|
| 02/ARM-KHO/CAT/G/2079-080 | स्मार्ट बोर्ड | विस्तृत सूचनामा उल्लेख भए अनुसार | ८ (आठ) | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत Technical Specification बमोजिम हुनेछन्। |

**प्रमुख प्रशासकीय अधिकृत**

# विपद्‌बाट ८ जनाको मृत्यु



**ओबराज शाही/मध्यान्ह**
हुम्ला, २९ चैत

हुम्लामा ९ महिनाको अवधिमा विपदजन्य घटनाबाट ८ जनाको मृत्यु भएको छ। जिल्ला विपद व्यवस्थापन समितिको बैठकमा उक्त कुरा जानकारी गराइएको हो।

समितिका अध्यक्षसमेत रहेका प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलको अध्यक्षतामा बसेको बैठकमा जिल्लाका सातवटै स्थानीय तहको सहभागिता रहेको थियो। बैठकमा प्रमुख जिल्ला अधिकारी पौडेलले गाउँपालिकामा भएका विपदका घटनाहरुको विस्तृत विवरण प्रस्तुत गरेका थिए। उनले चालु आर्थिक वर्षमा विभिन्न प्रकोपबाट ८ जनाको मृत्यु भएको जानकारी गराए।

चंखेली गाउँपालिका चार, सिमकोट गाउँपालिका तीन र ताजाकोट गाउँपालिकामा एक जनाको विपदबाट मृत्यु भएको जिल्ला विपद व्यवस्थापन समितिले जनाएको छ। नाम्खा, खार्पुनाथ र सर्केगाड गाउँपालिकामा भने मानवीय क्षति भएको थिएन।

समितिले विपदबाट मृत्यु भएका व्यक्तिका परिवारलाई प्रतिव्यक्ति दुई लाख रुपैयाँका दरले रकम दिने व्यवस्था गरिएको छ। त्यस्तै एकै घरका दुई जनाको विपदबाट मृत्यु भएको खण्डमा एक १ एक लाख ५० हजारका दरले राहत दिने व्यवस्था भएको उल्लेख गरिएको छ। हुम्ला जिल्लाको तथ्यांक अनुसार ६ सय १४ घरमा विपदले क्षति भएको विपद व्यवस्थापन समितिमा आएको विवरणमा देखिएको छ। सिमकोट १८, सर्केगाट ३१, अदानचुली एक सय ४८ र ताजाकोट गाउँपालिकामा दुई सय ८५ घर रहेका छन् भने खार्पुनाथ र नाम्खा गाउँपालिकामा कुनै विपद भएको छैन्। तीमध्ये एक सय ३२ घरधुरीले राहत पाएको अरु बाँकी भएको प्रमुख जिल्ला अधिकारी पौडेलले बताए।

त्यस्तै विपदमा परेर घर नष्ट भएका घरपरिवारको संख्याको आधारमा ५ जना भए १५ हजार भन्दामाथि घरपरिवार भएको खण्डमा २० हजार दिने व्यवस्था गरिएको छ।

विपदमा परेर घाइते भएका व्यक्तिको राहतमा कर्णाली प्रदेशले हुम्ला र डोल्पामा ५० हजार र जिल्लाको हकमा २० हजार दिने विपद व्यवस्थापनमा भनिएको छ। यदि कुनै विपदमा कुनै घटना भए ३० दिनभित्र घटनाको बारेमा उल्लेख गरिदिन पनि प्रमुख जिल्ला अधिकारी पौडेलले बताए।

जिल्ला विपद बैठकमा प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा संघीय सासंद छिरिङ दुम्दल लामा (कार्चेन)को प्रमुख आतिथ्यता र समानुपातिक प्रदेश सांसद जुम्कित लामा विशेष अतिथि, समन्वय प्रमुख शिवराज शर्मा अतिथि रहेका थिए। बैठकमा सात वटै गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष, सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि, सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधि र पत्रकारहरुको सहभागिता रहेको थियो।

**हुम्लालाई राष्ट्रिय सडक र विद्युत प्रसारणमा जोडिन्छ : सांसद कार्चेन**

सांसद छिरिङ दुम्दोल लामा (कार्चेन)ले हिमाली जिल्ला हुम्लालाई अबको दुई वर्षमा राष्ट्रिय सडक र राष्ट्रिय विद्युत प्रसारण लाइनमा जोड्ने बताएका छन्।

जिल्लाको गतिविधि बुझ्न र छैटौं जिल्ला सभाको प्रमुख अतिथिको भूमिका निर्वाह गर्न हुम्ला आइपुगेका सांसद लामाले यस्तो बताएका हुन्। हुम्लाको विकासमा आफूले संघमा सधैँ पहल गर्ने उनले बताए। छैटौं जिल्ला सभामा जिल्लाका सात वटा गाउँपालिकाको गतिविधि र प्रगति विवरण बुझ्न सांसद लामासँगै प्रदेश सामानुपातिक सांसद विजया बुढा र जुम्कित लामाको पनि सहभागिता रहेको थियो। सांसद बुढाले पहिलाको सांसदले कमिसन खाएर बजेट दिएपनि आफूबाट यस्तो नहुने बताइन्।

त्यस्तै सांसद जुम्कित लामाले पहिला माओवादी केन्द्रको पक्षमा लडाईं गरेपनि अब जिल्लाको नेता भएकोले जिल्लाको विकासमा लागि पर्ने बताइन्। जिल्ला समन्वय हुम्लाको आयोजनामा मंगलबार छैटौं जिल्ला सभा सञ्चालन गरिएको हो। हुम्लाका सात वटा गाउँपालिकाले २०७९/८० मा आफ्नो प्रगति विवरण सभामा प्रस्तुत गरेका थिए। जिल्लाका सात वटा गाउँपालिकामध्ये चार वटा गाउँपालिकाका अध्यक्ष उपस्थित थिएनन्। उपाध्यक्षको भरमा छैटौं जिल्ला सभा चलेको थियो। त्यस्तै प्रमुख प्रशासकीय अधिकृतहरूको पनि सहभागितामा रहेको थियो।

जिल्लाका सात वटै गाउँपालिकाबाट आएका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृतले हुम्लाको विकासमा तीन तहको मूलधार समन्वय भएकाले पटक-पटक जिल्लाको अनुगमन गर्नु जरुरी देखिएको बताए। कमिसन योजनाले विकास भन्दा पनि विनाश बढी हुने गरेको अदानचुली गाउँपालिकाका अध्यक्ष मोहन सिंहले बताए। त्यस्तै प्रदेश र संघले व्यक्तिगत योजना दिँदा स्थानीय सरकारसँग समन्वय गर्नुपर्ने खार्पुनाथ गाउँपालिकाका अध्यक्ष कर्ण रावलले बताए।

बजेट अभाव भन्दा पनि विकास निर्माण सामग्री अभावमा काम नै गर्न नसकिने सिमकोट गाउँपालिकाका अध्यक्ष विजय भण्डारीले बताए। त्यस्तै नातावाद, कृपावादले हुम्लामा विकास नभएको नेकपा एमाले जिल्ला उपाध्यक्ष डबल रावतले बताए।

# 'अब बार–बेन्चको सम्बन्ध समृद्ध बन्छ'



**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, २९ चैत

जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाँले नयाँ वर्षबाट बार-बेन्च बीचको सम्बन्ध राम्रो, समृद्ध र अनुशासित बन्ने विश्वास व्यक्त गरेका छन्। नेपाल बार एसोसिएसनद्वारा गौरमा आयोजित कार्यक्रममा शुभकामना दिँदै उनले सो कुरा बताएका हुन्।

उनले विश्व भन्दा फरक शैलीमा हाम्रो यहाँ नयाँ वर्ष मनाउने प्रचलन रहेको बताए। उनले भने, 'विविधताले भरिएको देश नेपालमा हरेक जाति, धर्म अनुसार नयाँ वर्ष मनाइन्छ। अब आउन लागेको नयाँ वर्षमा जुनजुन खराब काम छन्, ती सबै छोडेर नयाँ कामको थालनी होस्।'

सिमान्तकृत वर्गको न्यायमा पहुँच पुगोस् भन्दै २० प्रतिशतको पनि न्यायमा पहुँच नपुगेको उनले बताए। 'देवानी फौजदारी कानून आए, तर कार्यान्वयनमा समस्या देखिएको छ' उनले भने, 'न्यायाधीश भएपछि कानून पढ्न अल्छि मान्छन्। कानून पढ्ने काम अब कानून व्यवसायीको मात्र हुन गएका छन्।' कानून व्यवसायीलाई कोटअफिसरको संज्ञा दिँदै न्यायाधिश बानियाँले कानून ब्यवसायीले बताएपछि कार्यान्वयन गरिने बताए। नेपाल बार एसोसिएसनका जिल्ला अध्यक्ष नन्दकिशोर साहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सरकारी वकिल उदय चन्द्र अधिकारीले बार र आदालतको सम्बन्ध राम्रो रहेको बताए।

# दुई गैँडा मृत भेटिए



**चितवन/मस–** चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा दुईवटा गैँडा मृतावस्थामा भेटिएका छन्।

निकुञ्जको अमलटारी सेक्टरअन्तर्गत मर्दी घोलस्थित नारायणी नदीको भङ्गालोमा एउटा र निकुञ्जको बगई माडी सेक्टरअन्तर्गत रिउ खोलाको दक्षिण किनारको काँस घारीमा अर्को गैँडा मृत फेला परेको हो। चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी एवं सहायक संरक्षण अधिकृत गणेशप्रसाद तिवारीले अमलटारी क्षेत्रमा करिब सात महिनाको पोथी गैँडा मृत भेटिएको बताए। त्यसैगरी माडीको रिउ खोलामा किनारमा करिब छ महिनाको भाले गैँडा मृत भएको उहाँको भनाइ छ। भाले गैँडाको मृत्यु बाघको आक्रमणबाट भएको तिवारीले जानकारी दिए। मृतावस्थामा भेटिएका दुवै गैँडाको खाग नपलाएको तिवारीको भनाइ छ। निकुञ्जमा मृत भेटिएका दुई गैँडासँगै चालु आर्थिक वर्ष २०७९/८० मा हालसम्म १६ वटा गैँडाको मृत्यु भएको तिवारीले जानकारी दिए।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०४/२३ मा दर्ता भएको **प्रा.लि.नं. ११५२८४** को **प्रान्जल बिजनेश प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७९/१२/२८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**वागमती प्रदेश, काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिकामा कार्यान्वयन गरिने काठमाडौं आवासिय भवनको संक्षिप्त वातावरणीय अध्ययन (BES) को प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रथम पटक प्रकाशित : २०७९/१२/३०**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | अनुज अग्रवाल<br>नक्साल, काठमाडौ महानगरपालिका |
| **प्रस्तावको व्यहोरा** | कार्यान्वयन हुने स्थान: काठमाण्डौं महानगरपालिका, वडा नं. ३ नक्साल<br>प्रस्तावको सामान्य जानकरी:<br>लगानी रु २० करोड<br>लगानी किसिम : एकल<br>क्षेत्रफल : ३२७७.८१ वर्ग मिटर (१०३ आना) |
| **प्रस्तावले प्रभाव पार्ने जिल्ला, नगरपालिका** | काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं ३ |

माथि उल्लेखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षणका क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, समाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के-कस्तो प्रभाव पार्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका, वडा तथा त्यस क्षेत्रका विधालय, स्वास्थ्य चौकी तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव दिनु उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना:**

| प्रस्तावकको नाम र ठेगाना | परामर्शदाताको नाम र ठेगाना |
|---|---|
| अनुज अग्रवाल<br>नक्साल, काठमाडौ महानगरपालिका<br>फोन नं: ९८४९२७३१७९ | इन्भाइरोमेन्टल इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.ली.<br>सामाखुशी, काठमाण्डौं<br>इमेल: letters2suren@gmail.com, फोन न. ९८६३५५०३७२ |

**कतारमा रोजगार** कम्पनी: AFRHA AL SAFAA WEDDING & EVNTS WLL
शहर: Doha

पूर्व स्वीकृत मिति: २०७९/१२/२९ चलानी नं.: ६०१९९९९३ LT. No.: 284714

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Admin Supervisor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 3000 | १,०७,६७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Sales Executive | 0 | 1 | | 2500 | ८९,७२५ | | | | | | | |
| 3. | Supervisior | 0 | 1 | | 2500 | ८९,७२५ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ७ गते (20 April 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

P.T.SWIFT HR MANAGEMENT PVT. LTD
Dhumbarai-4, Kathmandu (Opposite of Vibor Hotel),
Landline No.: 01-5915721, Email: ptswift334@gmail.com
Contact No.: 9823668160 | 9851180471
श्रम ईजाजत नं. १५६६/०७९/०८०

**SAUDI मा रोजगार** | १. कम्पनी: JAL INTERNATIONAL COMPANY LTD,

पूर्व स्वीकृत मिति: २०७९/१२/२९ चलानी नं.: ६०२०००००५ LT. No.: 284686

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६२,९१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Car Driver | 5 | 0 | | 1400 | ४८,९३० | | | | | | | |
| 3. | Bus Driver | 10 | 0 | | 1800 | ६२,९१० | | | | | | | |
| 4. | Construction Worker | 25 | 0 | | 1000 | ३४,९५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ७ गते (20 April 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Link International Placement Service Pvt.ltd.
Govt. Lic. No.: 821/066/067
ISO 9001 : 2015
Tokha-5, Basundhara, Kathmandu, Tel.: 01-4956654, 4955978
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158

**युएईमा रोजगारको अवसर** | कम्पनी: SERVEU LLC
शहर: UAE

पूर्व स्वीकृत मिति: २०७९/१२/२९ चलानी नं.: ६०२००००६ L.T. No.: 284730

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Life Guard (Male) | 100 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४२,८४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cleaning Workers (Male) | 200 | 0 | | 800 | २८,५६० | | | | | | | |
| 3. | Cleaning Workers (Female) | 0 | 200 | | 800 | २८,५६० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख ७ गते ( 20 April 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074/075
TOP1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015
एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal 01-4964211, 4974211
info@amgroup.com.np www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493
9801080059, 9801044492, 9817002440

**बीमालेख हराएको सूचना**

मिति २०७९/११/२० गते वीरेन्द्रनगर देखि चिंगाड जाने क्रममा सानिमा लाईफ इन्सोरेन्स क.लि.को मेरो निम्न व्यहोरा भएको बीमालेख हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा सानिमा लाईफ इन्सोरेन्स क.लि.मा खबर गरिदिनुहुन अनुरोध गर्दछु।

**नामः डोर प्रसाद शर्मा**
**बीमा पोलिसी नंः ६०१/००००२५७**
**ना.प.नं. ४९८८९०/८९**

**कतारमा रोजगारको अवसर** | कम्पनी: MARINA FISH RESTAURANT
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७९/१२/२९ चलानी नं.: ६०२०००००० LT. No.: 284625

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४६,६५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | General Cleaning Worker | 1 | 0 | | 1000 | ३५,८९० | | | | | | | |
| 3. | LABOUR | 1 | 0 | | 1000 | ३५,८९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० बैशाख ७ गते (20 April 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

Topaz International Pvt. Ltd.
Gayatri Bhawan, 3rd Floor, Maitidevi,Gyaneshwor, Kathmandu. Nepal.
Tel.: +977– 014512650
श्रम इजाजत नं. ५४७/०६२/०६३

**Kerabari Rural Municipality**
**Office of the Rural Municipal Executive**
**Kerabari, Morang, Koshi Province, Nepal**

**Invitation for Bids**

**Date of publication:2079/12/30**

1. Kerabari Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Work & Goods.
2. A complete set of Bidding Documents may be purchased from EGP System i.e www.bolpatra.gov.np/egpby eligible Bidders with necessary document.

**Name of the Bank: NIC Asia Bank.** **Name of Office: Kerabari Rural Municipality**
**Rajaswa Sirshak No:14229** **Office Code No: 801011312**
**Account no.: 0562056501423002 (for Bid Document Fee)** **Antarik Rajaswa Khata, Kerabari Gaupalika**
**Account no.:0562056501423008 (for Bid Security for Cash Deposit) Sthaniya Taha Dharauti Khata.**

| SN | Contract ID | Name of Contract | Esitmated Amount Inc. VAT | Bid Security | Bid Fee | Bid Submission & Open Date |
|---|---|---|---|---|---|---|
| 1 | KRMC/MOR/W/ NCB-15(079/080) | Construction of School Building, Aahale Aa.Bi. Kerabari RM-6 | Nrs 24,51,723.98 | Nrs.60,000 | Nrs.3000 | 31st Baishak 2080 BS |
| 2 | KRMC/MOR/G/ NCB-16(079/080) | Procurement and Delivery of HDPE Pipes & Accessories | Nrs.38,00,845.95 | Nrs.1,00,000 | | |

**Chief Administrative Officer**

मध्यान्ह
www.madhyanhadaily.com
३० चैत २०७९, बिहीबार
13 April 2023, Thursday

## सम्पादकीय

# सांसदहरुको लाजमर्दो प्रवृत्ति

प्रतिनिधिसभा बैठकमा केही दिन अगाडि सांसद सुमना श्रेष्ठले खाली कुर्सीहरूलाई सम्बोधन गरेकी थिइन् । प्रधानमन्त्री, मन्त्रीदेखि सांसदहरू समेत संसद बैठकमा नबसेर खाली भएको कुर्सीलाई सम्बोधन गरेर श्रेष्ठले जवाफदेहिताबारे प्रश्न उठाएकी थिइन् । उनको प्रश्न थियो, यसरी कुर्सी खाली राखेर संसदको प्रभावकारिता कसरी हुन्छ ? अझ उनले संसदमा भन्दा बाहिर बोल्दा धेरै प्रभावकारी हुने भए संसदको औचित्यमाथि प्रश्न उठ्नेबारे समेत सचेत गराएकी थिइन् । यसअघि पनि नियमित संसदमा उपस्थित हुने र आफूले उठाउने एजेण्डाबाट ध्यान तान्दै आएकी श्रेष्ठको त्यो दिनको सम्बोधनलाई महत्वका साथ हेर्न सकिन्छ । किनकि अहिले संसद भनेकै औपचारिकता जस्तो मात्रै बन्न पुगेको छ । अझ बुधबारको प्रतिनिधिसभा बैठकमा देखिएको दृष्यले त सांसद श्रेष्ठले गरेको सम्बोधनको अझ औचित्य धेरै देखिएको छ ।

बुधबारको संसद बैठकमा १६७ जनाले हस्ताक्षर गरेका छन् । तर उपस्थित संख्या भने ६१ जना मात्रै छन् । प्रधानमन्त्री र मन्त्रीहरू त्यसैपनि संसद बैठकमा नियमित जाँदैनन् । अब सांसदले समेत हाजिर गरेर बैठकमा अनुपस्थित हुने प्रवृत्ति देखिनु भनेको गम्भीर विषय हो । त्यसले सांसदहरूलाई संसद बैठक भनेको भत्ता बुझ्ने थलो मात्रै बनेको पुष्टि हुन्छ । नत्र हाजिर गरिसकेपछि संसद बैठकमा अनुपस्थित हुनुपर्ने कारण यति ठूलो संख्याका सांसदहरूले दिन सक्दैनन् । हाजिर गर्ने, तर बैठकमा अनुपस्थित हुनुको अर्थ सांसदहरूकै निम्ति समेत संसद बैठकको महत्वपूर्ण नरहेको रूपमा समेत अर्थ्याउन सकिन्छ । जबकी संसद भनेको जनताका प्रतिनिधिहरूले जनताका समस्याबारे आवाज उठाउने महत्वपूर्ण थलो ।

अझ कानून निर्माणको पक्षबाट हेर्दा संसद बैठकमा सांसदहरूको उपस्थितिको विशेष अर्थ छ । जनता र संविधानको हितबिपरीत कुनै कानून बन्न लागेमा त्यसमाथि विमर्श गर्ने, सच्याउने अथवा रोक्नेसम्मको अधिकार सांसदहरूलाई हुन्छ । तर पछिल्लो समय संसदमा बोल्नुको अर्थ आफ्नो व्यक्तित्वको प्रचार भन्दा अरू नभएको जस्तो देखिन्छ । संसदमा समय लिएर बोल्दा पनि लोकरिझाइ प्राथमिकतामा पर्ने गरेको छ । कुनै आधार र दीर्घकालीन हितमा भन्दा पनि लोकरिझ्याइका निम्ति सांसदहरूले बोल्ने प्रवृत्ति बढ्दो छ । अनि बोल्ने समय नपाए बैठकमै अनुपस्थित हुनु भनेको गैरजवाफदेहिताले सीमा कट्नु हो । आफ्नो भूमिका र जनताको हित भुल्नु हो । तसर्थ सांसदहरूले औचित्य प्रमाणित गर्न नसक्नेगरी बैठकमा अनुस्थित हुन गम्भीर विषय हो । यसतर्फ सांसदहरूको ध्यान जान आवश्यक छ ।

# नयाँ वर्ष र चाडपर्व

*भक्तपुर क्षेत्रमा बिस्केटजात्रा, काठमाडौंमा इन्द्रजात्रा र ललितपुरमा मत्यस्येन्द्रनाथ जात्राझैँ लिङ्गो ठड्याउने र ढाल्ने काम गरिन्छ । विशेष तन्त्रविद्यामा आधारित बिस्केट जात्राले पुरानो वर्षको अन्त्य र नयाँ उत्साहित एवम् ऊर्जाशील जीवनको संकेत दिन्छ । यी जात्राले वत्सरारम्भ र चाडपर्वको सुरूवातको पनि अनुभूति दिलाउँछ ।*

धर्म-संस्कृति



● अच्युतप्रसाद पौडेल, 'चिन्तन'

हामी चाड पर्वमा धनी छौँ । वर्षारम्भसँगै चाडपर्वहरु शुरु भइसकेको छ । चैत्र शुक्ल प्रतिपदा भनौँ यही चैत्र ८ गतेदेखि पिँगल नामको सम्वत्सर शुरु भई बत्सरारम्भ भइसकेको छ, यद्यपि हामी विक्रम सम्बत्को नयाँ वर्ष वैशाख १ गतेदेखि आरम्भ भएको मान्छौं । नयाँ वर्षको शुरु भने हाम्रो बहुल संस्कृतिअनुसार फरक-फरक ढंगले लिने गरेका छौं । वि.सं.को नव वर्ष प्रवेशसँगै काठमाडौं उपत्यकामा प्रमुख तीन चाडहरु प्रसिद्ध छन् । भक्तपुरको बिस्केट जात्रा, ठिमी जात्रा र काठमाडौंको सपन तीर्थ मेला । विस्केट जात्रा भने यही चैत्र २७ देखि शुरु भएको छ, वर्षारम्भको एक हप्ताअघिदेखि नै भैरवको रथ तानेर शुरु गरिने, चैत्र मसान्तमा इन्द्रध्वजासहितको लिङ्गो उठाउने र वैशाख १ गते लिङ्गो जात्रा गरी बेलुकी यसलाई ढालेर भव्यताका साथ जात्रा मनाइने परम्परा छ ।

